# राष्ट्रियस्तरको मंगला साहना दीर्घकालीन पुनर्स्थापना केन्द्र सञ्चालन कार्यविधि, २०८३

नेपाल सरकार
महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं ।

कानून,न्याय तथा संसदीय मामिला मन्त्रालय,सिंहदरबार,काठमाडौं
प्रत्यायोजित विधायनको प्रकृति : कार्यविधि
दर्ता नं: ४०१०८२
दर्ता मिति: २०८३।०४।२४

# राष्ट्रियस्तरको मंगला साहना दीर्घकालीन पुनर्स्थापना केन्द्र सञ्चालन कार्यविधि, २०८३

प्रस्तावना:

लैङ्गिक हिंसाबाट पीडित तथा प्रभावित महिला, किशोरी तथा बालिकालाई उद्धार, स्वास्थ्य उपचार, शारीरिक तथा मानसिक उपचार, मनोविमर्श सेवा, कानूनी उपचार, सीप तथा क्षमता विकासको माध्यमद्वारा संरक्षण प्रदान गरी सामाजिक न्याय, पुनर्स्थापना तथा पारिवारिक पुनर्मिलन गर्न वाञ्छनीय भएकोले,

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ६५ को उपदफा (४) ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयले यो कार्यविधि बनाएको छ।

## परिच्छेद– १

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ:(१) यो कार्यविधिको नाम "राष्ट्रियस्तरको मंगला साहना दीर्घकालीन पुनर्स्थापना केन्द्र सञ्चालन कार्यविधि, २०८३" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "मन्त्रालय" भन्नाले महिला, बालबालिका लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय सम्झनु पर्छ।

(ख) "केन्द्र" भन्नाले महिला, बालबालिका लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालयले सञ्चालन गरेको राष्ट्रियस्तरको मंगला साहना दीर्घकालीन पुनर्स्थापना केन्द्र सम्झनु पर्दछ।

(ग) "पीडित" भन्नाले कुटपीट, यौन शोषण, दाइजोसँग सम्बन्धित हिंसा, बलात्कार, एवं वैवाहिक बलात्कार, जबरजस्ती करणी, यातना, पम्परागत प्रचलनको नाममा महिला तथा बालिका माथि हुने हानिकारक अभ्यास, महिला र किशोरी माथि हुने हिंसा, कार्य क्षेत्रमा हुने यौनजन्य दुर्व्यवहार, मानव बेचबिखन तथा ओसारपसार, बालविवाह, बालश्रम, घरेलु हिंसा आदिबाट पीडित तथा प्रभावितलाई सम्झनु पर्दछ।

(घ) "संस्था" भन्नाले लैङ्गिक हिंसा निवारणको क्षेत्रमा काम गर्ने पुनर्स्थापना केन्द्र सञ्चालन गरेको संस्था सम्झनु पर्दछ।

## परिच्छेद-२

## केन्द्रको सञ्चालन तथा व्यवस्थापन

३. केन्द्र सञ्चालन तथा व्यवस्थापन: (१) हिंसा पीडित महिला तथा किशोरीहरुलाई सुरक्षितरुपमा पुनर्स्थापना गर्न राष्ट्रियस्तरको मंगला सहाना दीर्घकालीन पुनर्स्थापना केन्द्रको सञ्चालन तथा व्यवस्थापनका लागि निजी वा गैरसरकारी संस्था छनौट गर्दा सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम गर्नुपर्ने छ।

सचिव

नेपाल सरकार
सिंहदरबार, काठमाडौं

(२) हिंसा पीडित महिला तथा किशोरीलाई सुरक्षितरुपमा पुनर्स्थापना गर्न राष्ट्रियस्तरको मंगला सहाना दीर्घकालीन पुनर्स्थापना केन्द्रको लागि मन्त्रालयको स्वीकृत वार्षिक कार्यक्रम अनुसार सञ्चालन तथा व्यवस्थापनका गर्नुपर्ने छ।

४. <u>सिफारिस समितिः</u> (१) हिंसा पीडित तथा प्रभावितलाई पुनर्स्थापना केन्द्रमा पठाउनका लागि मन्त्रालय समक्ष सिफारिस गर्न देहाय बमोजिमको एक दीर्घकालीन पुनर्स्थापना सिफारिस समिति रहनेछः-

(क) महाशाखा प्रमुख, महिला सशक्तीकरण महाशाखा, म.वा.लै.तथा यौ.अ.र सा.सु म.संयोजक
(ख) शाखा प्रमुख, कानून तथा फैसला कार्यान्वयन शाखा, ,, -सदस्य
(ग) प्रमुख, आर्थिक प्रशासन शाखा, ,, -सदस्य
(घ) प्रतिनिधि,राष्ट्रिय महिला आयोग, -सदस्य
(ङ) प्रतिनिधि, स्वाध्य तथा खाद्य स्वच्छता मन्त्रालय, -सदस्य
(च) प्रतिनिधि,महिला,वालबालिका तथा ज्येष्ठ नागरिक सेवा निर्देशनालय, -सदस्य
(छ) प्रमुख, लैङ्गिक हिंसा निवारण शाखा, म.वा.लै.तथा यौ.अ.र सा.सु म. -सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको सिफारिस समितिले आवश्यकता अनुसार लैङ्गिक हिंसा निवारणका क्षेत्रमा काम गर्ने तथा पुनर्स्थापना केन्द्र सञ्चालन गर्ने संस्थालाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) सिफारिस समितिले हिंसा पीडित तथा प्रभावितलाई पुर्नस्थापना केन्द्रमा पठाउनका लागि सिफारिस गर्दा अपनाउनु पर्ने प्रक्रिया तथा बैठक सम्बन्धी कार्यविधी आफै निर्धारण गर्न सक्नेछ ।

(४) उपदफा (१) बमोजिमको सिफारिस समितिले लैङ्गिक हिंसा पीडित तथा प्रभावितलाई दीर्घकालिन सेवा केन्द्रमा आश्रयका लागि देहायका कुनै एक वा एकभन्दा बढी आधारमा मन्त्रालय समक्ष सिफारिस गर्नेछः-

(क) स्थानीय तहले सिफारिस गरेका व्यक्ति,
(ख) प्रदेश सरकारको सम्बन्धित मन्त्रालयले सिफारिस गरेका व्यक्ति,
(ग) नेपाल प्रहरी, एकद्धार संकट व्यवस्थापन समिति, लैङ्गिक हिंसा निवारण समन्वय समितिले सिफारिस गरेका व्यक्ति,
(घ) राष्ट्रिय महिला आयोगले सिफारिस गरेका व्यक्ति,
(ङ) गैरसरकारी संस्थावाट सञ्चालनमा रहेका सेवा केन्द्रले सिफारिस गरेका व्यक्ति,
(च) मन्त्रालयमा प्राप्त लैङ्गिक हिंसा पीडित तथा प्रभावितको निवेदनको आधारमा।

५. <u>केन्द्रमा राख्ने सम्बन्धमाः</u> दफा ४ बमोजिम सिफारिस भई आएका लैङ्गिक हिंसा पीडित तथा प्रभावितलाई दिर्घकालिन सेवा केन्द्रमा आश्रयका लागि मन्त्रालयको निर्णय बमोजिम केन्द्रमा राख्न सकिनेछ।

## परिच्छेद- ३
## <u>सुविधा, खर्च तथा कर्मचारी सम्बन्धी व्यवस्था</u>

६. <u>केन्द्रको संरचना, सेवा तथा आधारभुत सुविधाः</u> (१) केन्द्र संचालन गर्ने क्रममा संस्थाले लैङ्गिक हिंसा पीडित संरक्षित व्यक्तिलाई सेवा प्रदान गर्न केन्द्र भित्र देहाय वमोजिमका सुरक्षित आवास सुविधा दिनुपर्नेछः-

(क) अग्लो पर्खाल वा तारवारले घेरिएको बलियो प्रवेशद्वार भएको सुरक्षाका दृष्टिकोणले उपयुक्त परिसर हुनु पर्नेछ,

(ख) परिसर हाताभित्र हिँडडुल गर्न मिल्ने खालको पर्याप्त खुला स्थानको सुविधा भएको हुनु पर्नेछ,

(ग) महिला, बालबालिका, अपाङ्गता एवं अशक्त तथा मानसिक समस्या भएकाहरुको विशेष प्रकारको आवश्यकतालाई सम्बोधन गर्ने खालका भौतिक संरचना तथा सुविधा उपयुक्त हुनु पर्नेछ,

(घ) संरक्षित मध्ये पनि विरामीको लागि छुट्टै कोठा तथा ओछ्यान सहितको विशेष व्यवस्था गर्नु पर्नेछ,

(ङ) संरक्षित व्यक्तिलाई राख्दा कोठाको क्षेत्रफल अनुसार २-३ जना सम्म राख्न सकिनेछ,

(च) आमोदप्रमोद र अन्तरक्रियाका लागि टेलिभिजन सहितको साझा कक्ष र मनोसामाजिक परामर्श कक्षको व्यवस्था हुनु पर्नेछ।

(२)केन्द्रमा संरक्षित व्यक्तिलाई जाडो र गर्मीका लागि आवश्यकता अनुसार देहाय बमोजिमका लत्ता कपडा एवं सामाग्री उपलब्ध गराउनु पर्नेछः-

(क) जाडो मौसममा स्वेटर, ज्याकेट, टोपी लगायतका न्यानो कपडा,

(ख) केन्द्र प्रमुखले सिफारिस गरे बमोजिम अत्यावश्यकीय कपडा तथा सामान,

(ग) बालबालिकाका हकमा किताब बोक्ने झोलासहित दुई जोर विद्यालय पोशाक,

(घ) सुत्केरी तथा महिनावारी भएकालाई सुत्केरी हुँदा लगाउने विशेष खालका कपडा तथा महिनावारी हुँदा चाहिने भित्रि कपडा र नवजात शिशुको लागि आवश्यकता अनुसार छुट्टै सेवा,

(३) सेवा केन्द्रमा रहेका पीडित र निजका आश्रित बालबालिकालाई देहाय बमोजिम दैनिक खाना र खाजाको सुविधा प्रदान गरिनेछः-

(क) विहान चियासँगै हल्का खाजा,

(ख) खाना,

(ग) अपरान्ह खाजासँगै चिया,

(घ) बेलुकी खाना,

(ङ) मांसाहारीका लागि हप्ताको दुईपटक माछामासु तथा शाकाहारीका लागि विशेष खाना इत्यादी।

(४) सेवा केन्द्रमा रहेका विशेष अवस्थाका पीडित (गर्भवति सुत्केरी नवजात शिशु र दीर्घरोगी)ले निजहरूलाई आवश्यक पर्ने विशेष प्रकारको पोसिलो खानेकुरा प्रदान गर्नुपर्नेछ।

७. <u>स्वास्थ्य उपचार सम्बन्धी व्यवस्था</u>: (१) केन्द्रमा रहेका पीडितलाई एकद्वार संकट व्यवस्थापन केन्द्र (ओ.सि.एम.सि.) सञ्चालन भएका अस्पतालबाट स्वास्थ्य उपचार सेवा प्रदान गरिनेछ।

सचिव

(२) उपदफा (१) बमोजिम एकद्वार संकट व्यवस्थापन केन्द्र सञ्चालन भएका अस्पतालबाट स्वास्थ्य उपचार हुन नसकेका पीडितको थप उपचार सम्बन्धी व्यवस्थाका लागि ओ.सि.एम.सि.को सिफारिसमा मन्त्रालयले निर्णय गरे बमोजिम हुनेछ।

(३) केन्द्रमा संरक्षणका लागि आएका पीडितको एक हप्ताभित्र पूर्ण स्वास्थ्य तथा सरुवा रोगको परीक्षण गरी आवश्यकता अनुसार औषधोपचारको सेवा उपलब्ध गराउनु पर्नेछ ।

८. <u>मनोसामाजिक परामर्श सेवा सम्बन्धी व्यवस्था</u>:(१) केन्द्रले संरक्षित व्यक्तिलाई आवश्यकता अनुसार मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउनु पर्नेछ।

(२) संरक्षित व्यक्तिलाई मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउदा मनोपरामर्शकर्ताले मनोचिकित्सक सेवा उपलब्ध गराउनु आवश्यक छ भनी सिफारिस गरेमा केन्द्रले मनोचिकित्सक सेवा उपलब्ध गराउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम मनोचिकित्सक सेवा उपलब्ध गराउँदा संरक्षित व्यक्तिको आवश्यकता अनुसार केन्द्रमै वा अस्पतालमा लगी सेवा उपलब्ध गराउनु पर्नेछ।

(४) संरक्षित व्यक्तिको स्वास्थ्य अवस्थाको विवरण गोप्य राख्नुपर्नेछ।

(५) उपदफा (१) बमोजिम मनोसामाजिक मनोपरामर्श सेवा दिइसकेपछि सेवा दिने मनोसामाजिक मनोपरामर्शकर्ताले अनुसूची-२ बमोजिमको ढाँचामा मनोसामाजिक परामर्श लेखाजोखा फाराम भरी केन्द्र प्रमुख समक्ष पेश गर्नुपर्नेछ।

९. <u>कानूनी परामर्श सेवा सम्बन्धी व्यवस्था</u>:(१) केन्द्रमा रहेका पीडितलाई आवश्यकता अनुसारको कानूनी परामर्श सेवा उपलब्ध गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम कानूनी परामर्श सेवा दिइसकेपछि सेवा दिने व्यक्ति वा कानून व्यवसायीले अनुसूची-३ बमोजिमको ढाँचामा कानूनी परामर्श फाराम भरी केन्द्र प्रमुख समक्ष पेश गर्नुपर्नेछ।

१०. <u>आश्रित बालबालिकालाई राख्ने व्यवस्था</u>:(१) पीडितसँगै रहेका बालिकाको हकमा बाह्र वर्ष र बालकको हकमा दश वर्ष मुनिका आश्रित बालबालिकालाई केन्द्रमा राख्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम उमेर पुगेका आश्रीत बालबालिकालाई पीडित र स्थानीय बाल कल्याण अधिकारी वा राष्ट्रिय बाल अधिकार परिषद्को सहमतिमा नजिकको संरक्षक वा संथागत स्याहारका लागि पठाइनेछ।

(३) उपदफा (१) बमोजिमका आश्रित बालबालिकाको प्रारम्भिक बाल शिक्षाको व्यवस्था केन्द्रबाट गरिनेछ।

११. <u>पीडितको शिक्षा तथा सीपमूलक तालिम सम्बन्धी व्यवस्था</u>:(१) केन्द्रले विद्यालय जाने उमेरका संरक्षित व्यक्तिका लागि शिक्षा–दीक्षाको व्यवस्था मिलाउनु पर्नेछ।

(२) प्रत्येक संरक्षित व्यक्तिका लागि जीवनोपयोगी सीप तथा क्षमता अभिवृद्धि सम्बन्धी तालिम, विद्यालय जाने उमेर काटेका इच्छुकका लागि व्यवसायिक शिक्षा वा रोजगारमूलक तालिमको व्यवस्था गर्नु पर्नेछ।

सचिव

(३) विद्यालय भर्ना भएका पीडितलाई दुई जोर विद्यालय पोशाक, किताव, कपी, कलम लगायतका शैक्षिक सामग्री, विद्यालय तथा कलेज शुल्क, सवारी साधन खर्च उपलब्ध गराउनु पर्नेछ।

(४) केन्द्रमा बस्ने बालबालिकाको आमा–बाबु नभएको अवस्थामा केन्द्रका कर्मचारीले नै अभिभावकको भूमिका खेल्नु पर्ने र विद्यालयमा हुने अभिभावक दिवसमा भाग लिने व्यवस्था केन्द्रका कर्मचारी मार्फत गरिनु पर्नेछ।

(५) केन्द्रले संरक्षितको शिक्षा तथा सीपमूलक तालिम वा व्यवसायिक शिक्षा प्रदान गरिएको भए सोको अभिलेख राख्न पर्नेछ।

१२. <u>मनोरञ्जनात्मक सम्बन्धी व्यवस्था:</u> संरक्षित व्यक्तिको मनोरञ्जनका लागि अध्ययन कक्ष सहितको पुस्तकालय, पत्र–पत्रिका, रेडियो, टेलिभिजन, खेलकुद सामग्री र समय समयमा भ्रमणको व्यवस्था हुनु पर्नेछ।

१३. <u>बजेट सम्बन्धी व्यवस्था:</u> (१) केन्द्रमा रहेका व्यक्तिको संख्याको आधारमा केन्द्र सञ्चालन गर्ने संस्थाले मन्त्रालय समक्ष वार्षिक र त्रैमासिक एकाइगत रुपमा अनुमानित लागत सहितको प्रस्ताव पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम बजेट पेश गर्दा देहायका कागजात सहित मन्त्रालयमा प्रस्ताव पेश गर्नु पर्नेछः-

(क) संस्था दर्ता भएको प्रमाण पत्र र नवीकरण भएको भए सोको प्रमाण पत्रको प्रतिलिपि,

(ख) संस्थाको स्थायी लेखा नम्बरको दर्ता प्रमाण-पत्रको प्रतिलिपि र कर चुक्ता गरेको प्रमाण पत्रको प्रतिलिपि,

(ग) पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपी,

(घ) केन्द्र सञ्चालनको लागि छुट्ट्याएको बजेटको अनुमानित विवरण।

१४. <u>केन्द्रको लेखा सम्बन्धी व्यवस्था:</u> (१) केन्द्रले आफ्नो लेखा दोहोरो लेखा प्रणालीमा राख्नु पर्नेछ।

(२) केन्द्रले आफ्नो आम्दानी खर्चको पारदर्शी लेखा तथा सोको पुष्टि गर्ने कागजात दुरुस्त राख्नु पर्नेछ।

(३) मन्त्रालयबाट व्यवस्थापन करारमा लिई सञ्चालन गरेका केन्द्रले आफ्नो आम्दानी खर्चको फाँटवारी र प्रतिवेदन मासिक, त्रैमासिक र वार्षिक रुपमा मन्त्रालयमा पेश गर्नु पर्नेछ।

(४) केन्द्रले आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र प्रचलित कानुन बमोजिम दर्तावाला लेखापरीक्षकबाट केन्द्रको लेखापरीक्षण गराई मन्त्रालयमा पेश गर्नु पर्नेछ।

१५. <u>खर्च सम्बन्धी व्यवस्था:</u> मन्त्रालयले उपलब्ध गराएको रकम संस्थाले प्रचलित कानूनको अधिनमा रही अनुसूची-१ को सेवा तथा खर्चको मापदण्ड बमोजिम गर्नुपर्नेछ।

१६. <u>केन्द्रको कर्मचारी र व्यवस्थापन:</u> (१) केन्द्रमा कर्मचारी व्यवस्थापन गर्दा नियमित केन्द्रमा नियमित तर्फ निम्न अनुसारको जनशक्ति हुनुपर्नेछः-

केन्द्र प्रमुख.................................१ जना,

केन्द्र सहायक/घटना व्यवस्थापक....... १ जना,
वार्डेन .........................................२ जना,
खाना पकाउने भान्से.........................१जना,
सरसफाईमा सहयोगी.........................१ जना,
चौकिदार/सुरक्षा गार्ड.........................२ जना,

(२) मनोपरामर्शकर्ता, चिकित्सक, कानुनी सल्लाहकार, प्रशिक्षक र स्वास्थ्यकर्मी आवश्यकता अनुसार परिचालन गर्नु पर्नेछ।

परिच्छेद- ३

विविध

१७. केन्द्र सञ्चालन गर्ने संस्थाको काम कर्तव्य: (१) केन्द्र सञ्चालन गर्ने संस्थाको देहाय बमोजिमको काम कर्तव्य रहनेछ:-

(क) केन्द्रको दैनिक प्रशासन सञ्चालन गर्ने,
(ख) मासिक, त्रैमासिक र बार्षिक प्रतिवेदन मन्त्रालय समक्ष पेश गर्ने,
(ग) केन्द्रको गतिविधि पारदर्शी रुपमा सञ्चालन गर्नुपर्ने,
(घ) केन्द्रको निर्देशित सिद्धान्त र आचार संहित पालना गर्ने/गराउने,
(ङ) केन्द्र हाताभित्र शान्ति सुरक्षाको प्रवन्ध मिलाउने,
(च) केन्द्रभित्र हरेक संरक्षित व्यक्तिहरुको विहान देखि बेलुकासम्म गर्ने दैनिक कामको कार्य तालिका बनाउने,
(छ) केन्द्रमा संरक्षित व्यक्तिले पीडक भनेका वा अधिकार प्राप्त अधिकारीले अनुसन्धानको दायरा भित्र राखेका व्यक्तिहरु वा तिनका प्रतिनिधिहरु वा आफन्तहरुलाई संरक्षित व्यक्तिसँग भेटघाट गर्न दिइने छैन,
(ज) पीडितको व्यक्तिगत फाइल तथा अभिलेख किताव गोप्य राख्नु पर्नेछ,
(झ) केन्द्रको प्रवेश द्वारमा आवश्यक सुरक्षा जाँचको व्यवस्था गर्नुपर्नेछ,
(ञ) केन्द्रको भवनमा चौबीसै घण्टा पहरा दिन सक्ने गरी चौकीदारको व्यवस्था गरिनु पर्नेछ,
(ट) प्रवेशद्धारमा पहरा, सुरक्षा जाँच तथा आगन्तुकको रेकर्ड राख्ने र भेटघाटका लागि आवश्यक व्यवस्था मिलाउन सहयोग गर्नु पर्नेछ,
(ठ) केन्द्रका कर्मचारीले पालना गनुपर्ने आचार संहिता कार्यालय भित्र सबैले देख्ने गरी बोर्डमा वा भित्तामा लेखी राख्नु पर्नेछ,
(ड) केन्द्रका संरक्षित व्यक्तिहरुले पालन गर्नुपर्ने आचार संहिता केन्द्रभित्र सबैले देख्ने गरी बोर्डमा वा भित्तामा लेखी राख्नु पर्नेछ ।
(ढ) केन्द्रभित्र संरक्षित व्यक्तिले आफ्नो व्यक्तिगत मोवाइ फोन प्रयोग गर्न पाईनेछैन।

सचिव

तर आवश्यक परेको अवस्थामा केन्द्र प्रमुखको अनुमतिमा केन्द्रको फोन प्रयोग गर्न सक्नेछ।

(ण) सुरक्षित वातावरण अनुकुल हुने गरी सीपमूलक वा व्यवसायिक शिक्षा तालिम लिन र रोजगारीका लागि मन्त्रालयको अनुमति लिइ केन्द्र बाहिर पठाउन सक्नेछ।

१८. <u>पुनर्स्थापना तथा पारिवारिक पुनर्मिलन सम्बन्धि व्यवस्थाः</u> (१) दफा ५ बमोजिम केन्द्रमा संरक्षित व्यक्तिलाई निजको घर परिवारको पहिचान गरी परिवारिक पुनर्मिलन गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम केन्द्रले यस्तो पारिवारिक पुनर्मिलन गराउँदा पीडित तथा निजको परिवारका सदस्यलाई आवश्यक परामर्श दिने, सहजीकरण गर्ने लगायतका आवश्यक उपायको अवलम्बन गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम केन्द्रबाट समाजमा पुनर्स्थापित हुँदा संरक्षित व्यक्तिको साथमा एक सेट सम्पूर्ण कागजपत्र र सामान दिनु पर्नेछ।

(४) उपदफा (१) बमोजिम परिवार तथा समुदायमा पुनर्स्थापना तथा पुनर्मिलनका लागि पठाइएका प्रत्येक संरक्षित व्यक्तिको छुट्टाछुट्टै अभिलेख राख्नु पर्नेछ।

१९. <u>गुनासो सम्वन्धमाः</u> मन्त्रालबाट सिफारिस भई पुनर्स्थापना केन्द्रमा पुनर्स्थापना सेवा लिइरहेका व्यक्तिको सम्वन्धमा कुनै गुनासो प्राप्त भएमा मन्त्रालयले त्यस्तो गुनासोको सम्बोधन गर्न सक्नेछ।

२०. <u>अनुगमन तथा निरीक्षणः</u> यस कार्यविधि बमोजिम सेवा प्रदान गरे नगरेको सम्बन्धमा मन्त्रालयबाट केन्द्रको अनुगमन तथा निरीक्षण गर्नुपर्नेछ।

सचिव

अनुसूची-१

(दफा १५ सँग सम्वन्धित)

<u>सेवा तथा खर्चको मापदण्ड</u>

१. केन्द्र व्यवस्थापन तथा सञ्चालन (जनशक्ति तथा कार्यालय सञ्चालन)

| सि.नं | विवरण | एकाई | दर /रू. | कैफियत |
|---|---|---|---|---|
| १. | केन्द्र प्रमुख | प्रति व्यक्ति /प्रति महिना | ४३,६८९। | नेपाल सरकारको अधिकृतस्तरको तलव स्केल दशै खर्च सहित। |
| २. | केन्द्रसहायक/घटना व्यवस्थापक | प्रति व्यक्ति /प्रति महिना | ३४,७३०। | नेपाल सरकारको नायव सुव्बास्तरको तलवस्केल दशै खर्च सहित। |
| ३. | वार्डेन | प्रति व्यक्ति /प्रति महिना | २७,६१२। | नेपाल सरकारको रा.प. अनं तृतिय दशै खर्च सहित। |
| ४. | भान्छे | प्रति व्यक्ति /प्रति महिना | १९,५५०। | श्रम,रोजगार तथा सामाजिक सुरक्षा मन्त्रलायको श्रम ऐन २०७४ २०८२/३/३२गतेको निर्यणयानुसार दशैं खर्च सहित। |
| ५. | सरसफाई कर्मचारी | प्रति व्यक्ति /प्रति महिना | १९,५५०। | |
| ६. | चौकिदार | प्रति व्यक्ति /प्रति महिना | १९,५५०। | |
| ७. | मनोपरामर्शकर्ता | प्रति महिना | ६,०००। | व्यक्तिगत तथा सामुहिक मनोपरामर्शकर्तालेे गरे वापत । |
| ८. | चिकित्सक | प्रति महिना | ७,७००। | कम्तिमा २ पटक चिकित्सक (केन्द्रमा नै सेवा) |
| ९. | पुनर्स्थापना केन्द्र व्यवस्थापन खर्च (विद्युत,पानी इन्टरनेट, टेलिफोन,कार्यालय सञ्चालन लगायत अन्य) | प्रति महिना | २१,०००। | केन्द्रको विद्युत,पानी इन्टरनेट, टेलिफोन,कार्यालय सञ्चालन लगायत अन्य। |
| १०. | केन्द्रको मर्मता संभार र फर्निचर फिक्चर अन्य कार्य। | आवश्यकता अनुसार | २,००,०००। | आवश्यकता अनुसार केन्द्र तथा फर्निचर फिक्चर लगायतको अन्य कार्यको लागि गर्न। |

नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
सिंहदरबार, काठमाडौं

२. केन्द्रमा रहने पीडितको संरक्षण लागि सेवा उपलब्ध गराउनु पर्ने।

| सि.नं | विवरण | एकाई | दर | कैफियत |
|---|---|---|---|---|
| १. | खाना | प्रति व्यक्ति/प्रति दिन | ३००। | गर्भवती, सुत्केरी, नवजात शिशु, दीर्घरोगी तथा विशेष हेरचाहको आवश्यता पर्ने पीडितलाईखाना खाजाका अतिरिक्त पोसिलो खानेकुराका लागि थप दैनिक १००।(एक सय रुपैयाँ) बाराबरको खानेकुरा उपलव्ध गराउनु पर्नेछ। |
| २. | लगाउने लुगा | प्रति व्यक्ति | ८,०००। | त्रैमासिक पीडित प्रति व्यक्ति २०००।दरले वार्षिक आठ हजार उपलव्ध गराउने। |
| ३. | विस्तरा (डसना,सिरक,तन्ना,सिरानी,पातलो ओढने आदी) | प्रति विस्तारा | ११,०००। | आवश्यकता अनुसार गर्न। |
| ४. | पारिवारिक पुनर्मिलन तथा पीडितको आवश्यक कार्य | पटक | १०,०००। | आवश्यकता अनुसार पीडितको नागरिकता लगायत अन्य आवश्यक कार्यहरुको लागि काठमाडौ उपत्यका भन्दा बाहिर सम्वन्धित स्थानमा जान आउन वस्न खान लाग्ने खर्च गर्न। |
| ५. | उद्धार खर्च | प्रति व्यक्ति/पटक | ७,०००। | आवश्यकता अनुसार। |
| ६. | नियमित औषधी उपचार खर्च | प्रति महिना | ३०,०००। | संरक्षणमा रहेका पीडितको नियमितिरुपमा औषधि उपचार (मानसिक रोगी, सुगर,प्रेसर र प्राथमिक उपचार) गर्न। |
| ७. | थेरापी | प्रति महिना | १२,०००। | संरक्षणमा रहेका व्यक्ति हसामा दुई पटक थेरापी उपचार गराउने। |
| ८. | विविध खर्च (पीडितको फुटकर खर्च, राष्ट्रिय चाडपर्व खर्च, स्थानीय यातायात) | प्रति महिना | २०,०००। | संरक्षित पीडितको फुटकर खर्च राष्ट्रिय चाडपर्व खर्च, स्थानीय यातायात। |

| | | | | |
|---|---|---|---|---|
| ९. | रोजगारीका लागि जीवन उपयोगी तथा उद्यमशीला सीप विकास तथा क्षमता अभिवृद्धि तालिम | प्रति व्यक्ति | २०,०००। | संरक्षणमा रहेका पीडितहरुको लागि आवश्यकता अनुसार गर्न। |
| १०. | आकस्मिक औषधि उपचार खर्च | प्रति महिना | ९,०००। | आवश्यकता अनुसार पीडितहरुको लागि आकस्मिकरुपमा औषधि उपचार गर्न। (महामारी, दुर्घटना आदि..) |
| ११. | विद्यालय/कलेज भर्ना तथा महिनावारी शुल्क, परीक्षा शुल्क, स्टेशनरी, किताव लगायत अन्य आवश्यक शैक्षिक सामग्री | प्रति व्यक्ति | १५,०००। | संरक्षणमा रहेका बालबालिकाहरुका लागि आवश्यकता अनुसार गर्न। |
| १२. | सरकारी विद्यालय तथा कलेज पोशाक खर्च | प्रति व्यक्ति | २०,०००। | संरक्षणमा रहेका बालबालिकाहरुका आवश्यकता अनुसार गर्न। |
| १३. | पीडितको लागि अवलोकन तथा मनोरञ्जनात्मक क्रियाकलाप | १ पटक | २०,०००। | संरक्षणमा रहेका पीडितहरुको लागि आवश्यकता अनुसार गर्न। |

सचिव

अनुसूची-२

(दफा ८ को उपदफा (५) को सँग सम्बन्धित)

**मनोसामाजिक परामर्श लेखाजोखा फाराम ढाँचा**

१) संरक्षित व्यक्तिके विवरण:

नाम वा कोड नं. ..................................... उमेर..........

सम्पर्क नं. ..................................

समय ................. समय अवधि ......................

२) तत्कालीन समस्या तथा गुनासो...........................................................................................

३) भावना तथा पीडा व्यक्त गर्ने शव्दहरु..............................

४) अवलोकन:................................................

५) पुऱ्याएको सहयोग:.....................................

६) सहयोगबाट भएको प्रगति:.........................................

७)समस्या बारेमा सहभागीता विचार:.....................................................

८) मनोविमर्शकर्ता वा मनोसामाजिक चिकित्सकको सुझाव:

९) योजना:

मनोविमर्शकर्ता/ मनोसामाजिक चिकित्सक नाम:

दस्तखत:

अस्पताल/ संस्था:

मिति:

सचिव

अनुसूची-३

(दफा ९ को उपदफा (२) को सँग सम्वन्धित)

## कानूनी सहायता सम्वन्धी विवरणको ढाँचा

केन्द्रको नामः..............................

कानून व्यवसायीको नामः..........................................................अधिवक्ता /वरिष्ठ अधिवक्ता

संरक्षित व्यक्तिको नाम वा कोड नामः..............................................

कानूनी समस्या

.........................................................................................................................

...........................................................................................................................................

.........................

कानूनी सेवाको

विवरणः.............................................................................................................

...........................................................................................................................................

कानूनी सेवाको लागि समन्वय गरिएको

संस्थाः............................................................................

मितिः.......................

समयः......................

कानून व्यवसायीको हस्ताक्षरः

सचिव